राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ३९१/२०७२/०७३

निर्णय नं. ५४१

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ..............................२ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, जिल्ला स्वास्थ्य कार्यालय, सिन्धुली ..............................१ विपक्षी

सूचना अधिकारी, जिल्ला स्वास्थ्य कार्यालय, सिन्धुली ..............................१

विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले जिल्ला स्वास्थ्य कार्यालय, सिन्धुली समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०६।१२ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०६।२७ को आदेश बमोजिम जिल्ला स्वास्थ्य कार्यालय, सिन्धुलीलाई मिति २०७२।०६।२८ च.नं. ३४६ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सन्दर्भमा उक्त जिल्ला स्वास्थ्य कार्यालय, सिन्धुलीको मिति २०७२।०८।१३, च.नं. ४४६, प.सं. २०७२/०७३ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई प्रेषित गरी बोधार्थ मार्फत यस आयोगलाई पनि जानकारी गराएकाले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल माघ ०६ गते रोज ४ शुभम् ।